# आरएसडिसी लघुवित्त वित्तीय संस्थाद्वारा "सहकारी व्यवस्थापन तथा अनुपालना" विषयक तालिम सम्पन्न

**"सहकारी व्यवस्थापन तथा अनुपालना" विषयक तिन दिने तालिम तथा "लघुवित्त परिचालनमा सहकारी व्यवस्थापन" विषयक एक दिने स्थलगत अनुशिक्षण कमर्यक्रम सम्पन्न :** यस आरएसडिसी लघुवित्त वित्तीय संस्थाले कञ्चनपुर जिल्लामा "लघुवित्त परिचालनमा सहकारी व्यवस्थापन" विषयक १ दिने स्थलगत अनुशिक्षण/ तालिम सम्पन्न गरेको छ । वित्तीय संस्थाले मिति २०७५ फाल्गुण २७ देखी २९ गते सम्म, उक्त जिल्लामा अवस्थित ८ साझेदार संस्थाहरुमा उक्त अनुशिक्षण कार्यक्रम सम्पन्न गरेको हो । उक्त अनुशिक्षण कार्यक्रममा, कञ्चनपुर जिल्लाका ८ सहकारी संस्थाका, सञ्चालक समिति, लेखा समिति, ऋण उपसमिति तथा कर्मचारी गरि जम्मा ११६ जनाको सहभागिता रहेको थियो ।



त्यस्तै वित्तीय संस्थाले यहि २०७५ चैत्र ०१ देखी ०३ गते सम्म कैलालीको अत्तरियामा "सहकारी व्यवस्थापन तथा अनुपालना" विषयक तिन दिने तालिम समेत सम्पन्न गरेको छ । उक्त तालिममा कैलाली र कञ्चनपुर जिल्लाका १६ सहकारी संस्थाका जम्मा ३६ जना पदाधिकारीहरुको सहभागिता रहेको थियो ।



**तालिमको विषय बस्तु :** वित्तीय संस्थाले आयोजना गरेको 'लघुवित्त परिचालनमा सहकारी व्यवस्थापन' विषयक उक्त अनुशिक्षण कार्यक्रममा निम्न विषयहरु समेटिएका थिए :

- सहकारी कर्जा सूचना केन्द्रबारे आधारभुत अवधारणा
- वित्तीय साक्षरता र सक्षमता बारे आधारभुत अवधारणा
- सहकारी सिद्धान्तको व्यवहारिक प्रयोग
- सहकारीका लागि आवश्यक नीति तथा कार्यविधिहरु
- सहकारी ऐन २०७४ - प्रमुख व्यवस्थाहरु
- कर्जा व्यवस्थापन - अवधारणा तथा व्यवहारिक प्रयोग
- समितिका बैठक तथा साधारणसभा सञ्चालन
- आन्तरिक नियन्त्रण तथा सन्तुलन र परिक्षण





त्यस्तै "सहकारी व्यवस्थापन तथा अनुपालना" विषयक तिन दिने तालिमका विषयवस्तुहरु निम्न अनुसार रहेका थिए ।

- सम्पत्ती शुद्धिकरण निवारण बारे आधारभुत अवधारणा
- कर्जा लगानी तथा अभिलेख व्यवस्थापन
- खराब कर्जा व्यवस्थापन
- सदस्य पहिचान बारे आधारभुत अवधारणा
- समितिका काम कर्तव्य र अधिकार
- कार्यक्रम तथा बजेट तर्जुमा
- अन्तर सहकारी सम्बन्ध
- प्रचलित ऐन नियम तथा अनुपालना
- आन्तरिक नियन्त्रण तथा सुशासन
- जोखिम व्यवस्थापन बारे आधारभुत अवधारणा



**प्रतिकृया तथा उपलब्धी :**
उपरोक्त तालिमहरुको समाप्ती पश्चात, तालिमको प्रभावकारिका सम्बन्धमा सहभागीहरुले सकारात्मक प्रतिकृया दिनुभएको थियो । यसका अलावा कार्यक्रमको अवधी छोटो भएको तथा आगामी दिनमा अझै नया नया विषयहरु समेट्नु पर्ने जस्ता सुझाव तथा प्रतिकृया सहभागीहरुवाट प्राप्त भएको थियो । उक्त तालिमहरुवाट वित्तीय संस्थाका साझेदार संस्थाहरु समग्र संस्थागत क्षमता अभिबृद्धि हुनगई आगामी दिनमा अझ सबल र सक्षम रुपमा सञ्चालित हुन्छन् भन्ने अपेक्षा गरिएको छ ।




**अन्त्यमा :** उक्त तालिमको श्रोत व्यक्ती (प्रशिक्षक) को रुपमा लघुवित्त तथा सहकारिताको क्षेत्रमा लामो समयदेखी कार्य गर्दै आईरहनु भएका हरि प्रसाद भट्टराई, नवराज उपाध्याय तथा शेर बहादुर खड्काको सेवा लिईएको थियो भने वित्तीय संस्थाको तर्फवाट अनुसन्धान तथा विकास विभाग प्रमुखले कार्यक्रम संयोजन गर्नुभएको थियो । वित्तीय संस्थाले आफ्ना साझेदार संस्थाहरुको समग्र संस्थागत क्षमता अभिबृद्धि गर्नको लागि आगामी दिनमा पनि नियमित रुपमा आफ्ना साझेदार संस्थाहरुको माग तथा आवश्यकता अनुसार विविध विषय वस्तुहरु समावेश गरि अन्य तालिमहरु आयोजना गर्दै जानेछ ।

**मिति २०७५ फाल्गुण २७ देखि चैत्र ०३ गते सम्म - कैलाली र कञ्चनपुरमा**